**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**
**माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना**

# फैसला

**०७६-WO-०२७३**

**मुद्दाः- <u>उत्प्रेषणयुक्त परमादेश</u>।**

| | |
|---|---|
| तनहुँ जिल्ला, साविक भानु गा.वि.स. वडा नं ९ को हाल भानु नगरपालिका वडा नं. ७ घर भई सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानव श्रोत विभाग (सांस्कृतिक तथा वाद्यवादन गुल्म) मा स.प्र.ज. पदमा कार्यरत आशा गुरुङ्ग........................................... १ | निवेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय हलचोक, काठमाडौ............... १<br>सशस्त्र प्रहरी बल नेपाल, कर्मचारी प्रशासन शाखा, हलचोक, काठमाडौ..... १<br>सशस्त्र प्रहरी बल नेपाल, मानव श्रोत विभाग कानून शाखा, हलचोक, काठमाडौ............................................................................ १<br>नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं.......................... १ | विपक्षी |

नेपालको संविधानको धारा ४६, ४७ र १३३(२)(३) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

## <u>तथ्य खण्ड</u>

१. म निवेदक आशा गुरुङ्ग मिति २०६२।०५।२९ मा सशस्त्र प्रहरी जवान पदमा सुरु नियुक्ति (भर्ना) भई राष्ट्रको सेवा गर्दै आएको एक इमान्दार प्रहरी कर्मचारी हुँ। मैले सेवा अवधिमा कुनैपनि प्रकारको विभागिय सजाय पाएको छैन। सेवाकै सिलसिलामा म निवेदकलाई सशस्त्र प्रहरी बल प्रधान कार्यालयको च.नं. १०३३,

प्रधान कार्यालयको च.नं. १०३३, मिति २०६९।१२।२७ को पत्रबाट सशस्त्र प्रहरी बल बंगलामुखी विशेष कार्यदल गणमा सरुवा गरिएकोमा रमाना पत्र नबुझ्दै मिति २०६९।१२।२९ मा महानगरिय प्रहरी वृत्त बालाजुले बोलाएको हुँदा बुझ्न जाँदा म उपर बहुविवाह मुद्दाको जाहेरी परेको रहेछ भनी मिति २०७०।१।५ देखि हिरासतमा राखी मिति २०७०।१।३० मा बहुविवाह मुद्दामा अभियोग पत्र दर्ता भई धरौटीमा रिहा भएको थिए। यसरी हिरासत मै रहेको अवस्थामा सशस्त्र प्रहरी बलको इकाईहरुलाई म सम्पर्कमा आए नआएको मिति २०७०।१।५ को पत्रद्वारा जिल्ला प्रहरी कार्यालय तनहुँलाई मेरो घर ठेगानामा खोजतलासका लागि पत्राचार गरेको, म सम्पर्कमा नआएको र जिल्ला प्रहरी कार्यालयबाट पनि जानकारी नआएको भनी मिति २०७०।१।९ मा हाजिर हुन आउने बारेको ७ दिने सूचना म्याद हिमालय टायम्स पत्रिकामा प्रकाशित गरिएको रहेछ। यसरी सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र थुनामा रहेको कारण उपस्थित हुन नसकेको आधार देखाई मिति २०६९।१२।२८ देखि नै भविष्यमा सरकारी सेवाका निम्ति अयोग्य नठहरीने गरी मिति २०७०।१।१७ गते सेवाबाट बर्खास्त गर्ने निर्णय भएको रहेछ। म उपर चलेको बहुविवाह मुद्दा काठमाडौं जिल्ला अदालतबाट अभियोग दावी नपुग्ने गरी मिति २०७१।२।२७ मा फैसला भई फैसलाको प्रतिलिपी लिई हाजिर हुन जाँदा भविष्यमा सरकारी सेवाका निम्ति अयोग्य नठहरीने गरी हटाएको, बहुविवाह मुद्दामा वादी नेपाल सरकारको पुनरावेदन गर्ने म्याद बाँकी रहेको र सेवाबाट बर्खास्त गर्ने मिति २०७०।१।१७ को निर्णय बदर नगरेसम्म हाजिर गराउन मिल्दैन भनी मलाई हाजिर गर्न दिइएन। यस अवस्थामा म निवेदकलाई मिति २०७०।१।१७ मा सेवाबाट बर्खास्त गर्ने निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएकाले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषणयुक्त परमादेश मुद्दा (०७१-WO-०८९९) दर्ता गरेको थिएँ। सो मुद्दामा यस अदालतबाट मिति २०७३।११।३० मा फैसला हुँदा सेवामा पुनर्बहाली गर्ने गरी फैसला भयो, जसअनुसार प्रहरी प्रधान कार्यालय हलचोकमा पदस्थापन गरिएको थियो। तर, सेवाबाट हटाइएको मिति देखि पाउने तलब भत्ता तथा अन्य सुविधा नपाएको हुँदा

परमादेश मुद्दा (०७४-WO-०६४८) दर्ता गराएकोमा सो मुद्दामा मिति २०७५।०९।१५ मा फैसला हुँदै, सेवामा पुनर्बहाली भइसकेको अवस्थामा सम्बन्धित अवधि बीचको तलब भत्ता तथा कानूनबमोजिम पाउनुपर्ने अन्य सुविधा पनि दिनु पर्ने भनी फैसला भएको थियो।

यसरी, सम्मानित सर्वोच्च अदालतको आदेशअनुसार म सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोकमा पुनर्बहाली भई सेवामा फर्किसकेको र सम्बन्धित सुविधा पनि प्राप्त गरिसकेको अवस्था थियो। त्यसैले, जेष्ठता कायम गरिपाउँ भनी मिति २०७५।१२।२० मा निवेदन दिएको थिएँ। सो निवेदनको कारवाही क्रममा प्रधान कार्यालयको मानवश्रोत कानून शाखाले मिति २०७६।०१।१० को पत्रमार्फत सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २९ (५) अनुसार पुनर्बहाली भएका कर्मचारीको जेष्ठता सुरु निर्णय बदर भएको मितिदेखि कायम हुने भनी उल्लेख गर्‍यो। यस आधारमा सर्वोच्च अदालतको आदेश भएको मिति २०७३।११।३० बाट नै मेरो जेष्ठता कायम गर्न पत्राचार गरिएको देखियो। तर, प्रधान कार्यालयले निर्णयको प्रतिलिपी दिनुको साटो "त्यही पत्र नै निर्णय हो, चुप लागेर जानुहोस्" भनी धम्कीपूर्ण जवाफ दिएको र कुनै आधिकारिक निर्णयको प्रतिलिपी उपलब्ध नगराएको अवस्था छ।

अतः म निवेदकको संविधान र कानूनद्वारा प्रद्धत्त हकहितको प्रतिकुल हुने गरी विपक्षीहरुबाट कुनै निर्णय भएको भए सो निर्णय, मिति २०७६।१।१० को च.नं. ६४१ को पत्र एवं त्यसपछि भए गरिएका पत्राचारहरुसमेत उत्प्रेषणको आदेशले बदर गरी मैले पाउन बाँकी मिति २०६९।१२।२८ देखि मिति २०७३।११।३० सम्मको रासन र ग्रेडसमेत दिलाई सुरु नियुक्ति मिति २०६२।५।२९ देखि जेष्ठता कायम गरी वृत्ति विकासमा सहभागी गराउन जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको आशा गुरुङ्गको निवेदनपत्र।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित यो आदेश प्राप्त

भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरुको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै, निवेदकको वृत्ति विकाससँग सम्बन्धित विषय देखिएकाले शिघ्र सुनुवाई हुन आवश्यक देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार प्रदान गरिएको छ। यो आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेस गर्नू भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७६।०६।०७ गतेको आदेश।

३. सम्मानित अदालतबाट भएको फैसला बमोजिम निज प्रहरी सेवामा वहाल भई सशस्त्र प्रहरी बल, प्रधान कार्यालयमा हाजिर भई कार्यरत रहदै आएको व्यहोरा रिट निवेदकले नै स्वीकार गरिसकेको अवस्था देखिन्छ। सशस्त्र प्रहरी ऐन, २०५८ तथा नियमावली, २०७२ बमोजिम सशस्त्र प्रहरी बल नेपालका प्रहरी कर्मचारीहरुको गठन, सञ्चालन व्यवस्थापन सम्बन्धी कार्य प्रचलित कानून तथा अन्य व्यवस्था बमोजिम सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट हुदै आइरहेको छ। सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १५९ मा कुनै सशस्त्र प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने निर्णय वा आदेश रद्द भई निज सेवामा पुनः कायम भएमा निजले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखी पुनः कायम भएको मितिसम्मको पुरा तलब भत्ता, रासन र तलब वृद्दि पाउने भए तलब वृद्दि समेत पाउनेछ तर नियम ११३ को उपनियम (१) को खण्ड (ज) र सोही नियमको उपनियम (२) को खण्ड (घ) बमोजिम अनुपस्थित वा गैरहाजिर भएको आधारमा सेवाबाट हटाईएको वा बर्खास्त गरिएको सशस्त्र प्रहरी कर्मचारी पुनः सेवामा बहाली भएमा अनुपस्थित वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ। सशस्त्र प्रहरी नियमावली, २०७२ को प्रावधान बमोजिम नै सम्बन्धित निकायबाट काम कारवाही भएको कुरालाई अन्यथा भन्न मिल्दैन। सशस्त्र प्रहरी बलको सञ्चालन, व्यवस्थापनको लागि कार्यविधिगत सरलीकरणका लागि सशस्त्र प्रहरी बल नियमावली, २०७२ कार्यान्वयनमा ल्याइएको छ। सशस्त्र

प्रहरी नियमावली कुनै एक व्यक्तिलाई लक्षित गरी कार्यान्वयन हुने होइन। समस्त सशस्त्र प्रहरी बलको सँगठनलाई व्यवस्थित, मर्यादित तुल्याउन र प्रक्रियाहरुमा एकरुपता ल्याउनका लागि सशस्त्र प्रहरी नियमावली, २०७२ कार्यान्वयनमा आएको हो। रिट निवेदकले गृह मन्त्रालयको के कस्तो कामकारवाहीले निजलाई मर्का पर्न गएको हो भन्ने सम्बन्धमा कुनै व्यहोरा उल्लेख गर्न सक्ने भएको छैन। तसर्थ वस्तुनिष्ठ मागदावी विना यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको मिति २०७६।०७।०४ मा नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

४. विपक्षी रिट निवेदकले बुँदा नं. ३ र ४ मा लिएको जिकिर सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३।११।३० गते भएको फैसला बमोजिम निज निवेदकलाई सशस्त्र प्रहरी जवान पदमा पुनर्बहाली गर्ने गरी मिति २०७३।१२।३१ मा निर्णय भएको र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।०९।१४ गते भएको फैसला बमोजिम निजले पाउनु पर्ने तलब भत्ता लगायतका सुविधा समेत पाईसकेको र जेष्ठता कायम गर्ने सम्बन्धमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २९ को उपनियम (५) मा "सशस्त्र प्रहरी सेवामा पुनर्बहाली भएका तथा तल्लो पदमा घटुवा भएकोमा शुरु निर्णय बदर भई आएका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा पुनर्बहाली भएको वा शुरु निर्णय बदर भएको मिति देखी जेष्ठता कायम गरिनेछ" भनि स्पष्ट कानूनी व्यवस्था भएबमोजिम सम्मानित सर्वोच्च अदालतबाट आदेश भएको मिति २०७३।११।३० गतेबाट जेष्ठता कायम गर्दा उपयुक्त हुने भनि मानवश्रोत विभाग, कानून शाखाको च.नं. ६४१ मिति २०७६।०१।१० गतेको पत्रद्वारा कानूनी राय प्राप्त भएको र सोही बमोजिम नियमानुसार नै निजको जेष्ठता समेत कायम भईसकेको हुँदा गलत मनसायले दायर गरेको उक्त रिट निवेदन बदर भागी छ भन्ने समेत व्यहोराको मिति २०७६।०७।२७ मा कर्मचारी प्रशासन शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, काठमाडौंको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

५. विपक्षी रिट निवेदकले पाउनुपर्ने सेवा सुविधा समेत पाईसकेको अवस्थामा सोही पदको जेष्ठता समेत कायम गरिपाऊँ भनि गरेको माग दावी सम्बन्धमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १५९ को प्रतिवन्धात्मक वाक्यांशमा "अनुपस्थित वा गैर हाजिर भएको आधारमा सेवाबाट हटाईएको वा बर्खास्त गरिएको सशस्त्र प्रहरी कर्मचारी पुनः सेवामा बहाली भएमा अनुपस्थित वा गैर हाजिर भएको अवधिको कुनैपनि सुविधा पाउने छैन" भन्ने व्यवस्था रहेको र निज रिट निवेदकको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।०९।१५ मा भएको फैसला बमोजिम पाउनुपर्ने तलब, भत्ता लगायत अन्य सुविधा समेत प्रदान गरिसकेकोमा निज निवेदकको जेष्ठता सम्बन्धमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २९(५) मा "सशस्त्र प्रहरी सेवामा पुनर्वाहाली भएका तथा तल्लो पदमा घटुवा भएकोमा शुरु निर्णय बदर भई आएका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा पुनर्वहाली भएको वा शुरु निर्णय बदर भएको मितिदेखि जेष्ठता कायम गरिनेछ" भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिंदा निज निवेदकले तलब, सुविधा पाउँदैमा जेष्ठता समेत पाउनुपर्ने भन्ने तर्क राखी गरेको माग दावी सशस्त्र प्रहरी नियमावली, २०७२ को विपरित देखिंदा निज निवेदकको रिट निवेदनमा कुनै सत्यता नभएकोले उक्त रिट निवेदन बदरभागी छ। विपक्षी रिट निवेदकले सशस्त्र प्रहरी ऐन तथा नियमावली बमोजिम अधिकार प्राप्त अधिकारीबाट भए गरेका काम कारवाहीलाई नभए नगरेको र नभए नगरेको काम कारवाहीलाई भए गरेको भनी सम्मानित अदालतलाई भ्रममा पारी रिट निवेदन पेश गरेको देखिंदा उक्त रिट निवेदन खारेज गरी यस कार्यालयलाई फुर्सद दिलाई पाऊँ भन्ने समेत व्यहोराको मिति २०७६।०७।२७ मा कानून शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, काठमाडौंको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

६. यसमा ज्येष्ठता कायम गरिपाऊँ भनी निवेदकले मिति २०७५।१२।२० मा त्यस कार्यालयमा दिएको निवेदनउपर कारवाही भएको छ छैन? कारवाही भएको निर्णय भएको भए सो निर्णयसहितको फाइल विपक्षी सशस्त्र प्रहरी बल प्रधान कार्यालय,

हलचोकबाट अविलम्ब झिकाई र नभए जवाफ लिई नियमानुसार पेश गर्नुहोला भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७८।०६।१७ गतेको आदेश।

**यस अदालतको आदेश**

७. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

८. निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल र विद्वान अधिवक्ता श्री मनिषा बस्नेतले निवेदक आशा गुरुङ्ग यस अदालतको पूर्व फैसला बमोजिम सेवामा पुनर्बहाली भएतापनि कानूनबमोजिम पाउनु पर्ने पुरा रासन ग्रेड लगायतको सुविधा पाएको अवस्था छैन। साथै निवेदकको सुरु नियुक्ति अर्थात मिति २०६२।५।२९ देखि नै सेवा अवधि गण्ना गरी जेष्ठता कायम हुनपर्नेमा विपक्षी सशस्त्र प्रहरी बल प्रधान कार्यालयले मिति २०७३।११।३० देखि मात्र जेष्ठता कायम हुने गरी निर्णय गरेको हुँदा उक्त कानून विपरितको कामकारवाही उत्प्रेषणको आदेशले बदर गरी निवेदन माग बमोजिम गरी पाउँ भनी भनी बहस गर्नुभयो।

९. त्यसैगरी विपक्षीहरु सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय हलचोकसमेतको तर्फबाट उपस्थित विद्वान उपन्यायधिवक्ता श्री सुशिला ज्ञवालीले सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १५९ को प्रतिबन्धात्मक वाक्यांशले अनुपस्थित वा गैरहाजिर भएर सेवाबाट हटाइएका वा बर्खास्त भएका कर्मचारीको हकमा पुनः बहाली भएमा गैरहाजिर अवधिको कुनै सुविधा नपाउने भन्ने व्यवस्था गरेको पाइन्छ। तथापि यी निवेदकलाई यस अदालतको पूर्व फैसला बमोजिम तलब, भत्ता लगायतका सुविधा दिइसकिएको अवस्था छ। प्रत्यर्थी प्रहरी बल प्रधान कार्यालयले ऐनियमावलीको नियम २९(५) बमोजिम पुनर्वहाली भएको मिति २०७३।११।३० देखि जेष्ठता कायम गर्ने गरी गरेको निर्णय कानून सम्मत हँदा रिट निवेदन बदर गरी पाउँ भनी बहस गर्नुभयो।

१०. यसमा, म निवेदक आशा गुरुङ्गले मिति २०६२।०५।२९ मा सशस्त्र प्रहरी जवान पदमा नियुक्ति पाई कार्यरत रहेको अवस्थामा मिति २०६९।१२।२७ को पत्रद्वारा सशस्त्र प्रहरी बल बंगलामुखी विशेष कार्यदल गणमा सरुवा भएकोमा, रमाना पत्र

नलिँदै मिति २०७०।०१।०५ मा बहुविवाह मुद्दामा हिरासतमा परेको कारण मलाई मिति २०७०।०१।१७ मा सेवाबाट हटाइयो। उक्त बहुविवाह मुद्दामा मिति २०७१।०२।२७ मा अभियोग दाबी नपुग्ने फैसला भएपश्चात यस अदालतमा उत्प्रेषणयुक्त परमादेश मुद्दा दायर गरेकोमा मिति २०७३।११।३० मा सेवामा पुनर्बहाली गर्ने गरी फैसला भयो। त्यसपछि पुनः यस अदालतमा उत्प्रेषणयुक्त रिट दायर गरेकोमा मिति २०७५।०९।१५ मा फैसला हुँदा तलब भत्ता लगायत सम्पूर्ण सुविधा पाउने ठहर भए अनुरुप म निवेदकले मिति २०७५।१२।२० मा जेष्ठता कायम गरिपाउँ भनी सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा निवेदन दिएउपर सो कार्यालयले मिति २०७३।११।३० देखि मात्र जेष्ठता कायम गरेको हुँदा म निवेदकको सुरु नियुक्ति मिति २०६२।०५।२९ देखि नै जेष्ठता कायम गरी मिति २०६९।१२।२८ देखि मिति २०७३।११।३० सम्मको रासन र ग्रेड लगायतका सुविधा पाउने गरी विपक्षीहरुको नाममा उत्प्रेषणसमेतका आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदावी रहेकोमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १५९ को प्रतिवन्धात्मक वाक्यांश अनुसार अनुपस्थित वा गैरहाजिर भएर सेवाबाट हटाइएका वा बर्खास्त भएका कर्मचारी पुनः बहाली भएमा गैरहाजिर अवधिको कुनै सुविधा पाउने भन्ने हुँदैन। यद्यपि यी रिट निवेदकलाई सर्वोच्च अदालतको फैसला अनुसार तलब, भत्ता लगायतका सुविधा दिइसकिएको हुँदा गलत मनसायले दायर गरिएको उक्त रिट निवेदन बदर भागी छ, बदर गरी पाउँ भन्ने ब्यहोराको सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालयसमेतको लिखित जवाफ रहेको देखिन्छ।

११. उल्लिखित बेहोराको निवेदन माग दाबी एवम् लिखित जवाफ भएको प्रस्तुत निवेदनमा दुबै पक्षका तर्फबाट उपस्थित् विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत विद्वतापूर्ण बहस जिकिरसमेत सुनी निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

१२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदकले यस अदालतमा ०७१-WO-०८९९ नं. को निवेदन दायर गरी मिति २०७३।११।३० मा यस अदालतबाट फैसला हुँदा

निवेदकलाई पूर्ववत सेवामा बहाल गराउनु भनी फैसला भएकोमा यी निवेदक आशा गुरुङ्ग मिति २०७३।१२।३१ देखि सेवामा पुनर्वहाली भई कार्यरत रहेको तथ्यमा विवाद भएन। यीनै निवेदकले सेवाबाट हटाएको मिति २०७०।१।१७ देखि पुनर्वहाली भएको मिति २०७३।११।३० सम्मको बीचको अवधिको तलब भत्ता लगायत सुविधा पाउँ भनी पुनः यस अदालतमा रिट दायर गरेकोमा निवेदन मागबमोजिम सुविधा पाउने ठहर भई मिति २०७५।०९।१५ मा फैसला भएको देखिन्छ। सो पश्चात यी निवेदकले मिति २०७५।१२।२० मा शुरु नियुक्ति अर्थात मिति २०६२।०५।२९ देखि नै जेष्ठता कायम गरी पाउँ भनी सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा निवेदन दिएकोमा उक्त कार्यालयले मिति २०७३।११।३० देखि मात्र जेष्ठता कायम हुने गरी निर्णय गरेको देखियो। सो पश्चात यी निवेदक आशा गुरुङ्गले शुरु नियुक्तिदेखि नै जेष्ठता कायम हुनुपर्ने र सेवामा नरहेको अवधि मिति २०६९।१२।२८ देखि मिति २०७३।११।३० सम्मको समेत रासन र ग्रेड लगायतका सुविधा पाउनुपर्ने भनी यस अदालतमा प्रस्तुत रिट दायर गरेको देखियो। यस परिप्रेक्ष्यमा हेर्दा मुलतः यी निवेदकको मिति २०६२।०५।२९ अर्थात शुरु नियुक्ति देखि नै जेष्ठता कायम हुनु पर्ने हो वा होइन र मिति २०६९।१२।२८ देखि मिति २०७३।११।३० सम्मको रासन र ग्रेड लगायतका सुविधा निजले पाउने हो होइन भन्ने विषयमा नै केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो।

१३. यस सम्बन्धी कानूनी व्यवस्था हेर्दा, सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २९ को उपनियम (५) मा **सशस्त्र प्रहरी सेवामा पुनर्वहाली भएका तथा तल्लो पदमा घटुवा भएकोमा सुरु निर्णय बदर भई आएका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा पुनर्वहाली भएको वा सुरु निर्णय बदर भएको मितिदेखि जेष्ठता कायम गरिनेछ** भन्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित व्यवस्थाले सशस्त्र प्रहरी सेवाका कुनै कर्मचारीलाई सेवामा पुनर्वहाली गरिएको अवस्थामा जेष्ठता कायम गर्दा निजलाई सेवाबाट अवकाश दिने गरी भएको निर्णय बदर भएको वा सम्बन्धित कर्मचारीको पुनर्वहाली भएको मितिदेखि कायम गर्नुपर्ने भन्ने देखिन आयो। तदनुरुप यी

निवेदकलाई सशस्त्र प्रहरी बल प्रधान कार्यालयले यस अदालतबाट निजको अवकाशको निर्णय बदर भई सेवामा पुनर्वाहाली गराएको मिति अर्थात मिति २०७३।११।३० देखि जेष्ठता गणना हुने गरी निर्णय गरेको देखिन्छ।

१४. रिट निवेदकले आफ्नो शुरु नियुक्तिको मिति २०६९।१२।२८ बाट नै जेष्ठता कायम हुनुपर्छ भनी लिएको दाबीको सन्दर्भमा हेर्दा, माथि उल्लिखित नियम २९(५) का अतिरिक्त सोही नियमावलीको नियम १५९ को प्रतिबन्धात्मक वाक्यांश तथा नियम ११३(१)(ज) र (२)(घ) समेतका प्रावधानलाई सामञ्जस्यपूर्ण ढंगले व्याख्या गर्नुपर्ने देखिन आयो। माथि उल्लिखित नियम १५९ को प्रतिबन्धात्मक वाक्यांशमा **"...तर नियम ११३ को उपनियम (१) को खण्ड (ज) र सोही नियमको उपनियम (२) को खण्ड (घ) बमोजिम अनुपस्थित वा गैरहाजिर भएको आधारमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको सशस्त्र प्रहरी कर्मचारी पुनः सेवामा वहाली भएमा अनुपस्थित वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन"** भन्ने व्यवस्था रहेको पाइन्छ।रिट निवेदकले आफूले सेवा सुविधा समेत पाउनुपर्ने भनी यस अदालतमा (०७४-WO-०६४८) रिट निवेदन दायर गरी मिति २०७५।०९।१५ मा कानून बमोजिम पाउने सेवा सुविधा दिनु भनी परमादेश समेत जारी भएको, विपक्षीहरुको लिखितजवांफबाट निवेदकले पाउनु पर्ने कानून बमोजिमको सेवा सुविधा निजले पाई सकेको भन्ने उल्लेख भएको एवम् निवेदकले सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा मिति २०७५।१२।२० मा दिएको निवेदनमा समेत यस अदालतको परमादेश एवम् कानून बमोजिम पाउनुपर्ने सेवा सुविधा नपाएकाले पाउनुपर्ने भन्ने जिकिर लिएको समेत नदेखिंदा सो तर्फ थप विवेचना गरिरहनु परेन।

१५. अब निवेदकको जेष्ठता सम्बन्धी जिकिरका सम्बन्धमा विचार गर्दा, पूर्वोक्त नियमावलीको नियम २९ को उपनियम (५) को जेष्ठताको गणना सम्बन्धी व्यवस्थालाई सोही नियमावलीको नियम ११३ को सापेक्षतामा हेर्नुपर्ने देखिन आयो। ऐ नियम ११३ को उपनियम (१) मा सेवाबाट हटाउने वा बर्खास्त गर्ने सम्बन्धी व्यवस्थाको खण्ड (ज) मा **"बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा"** भन्ने र ऐ उपनियम (२) को खण्ड (घ) मा **"नेपाल**

सरकारबाट मनोनयन भई तालीम, अध्ययन वा अन्य प्रयोजनका नेपाल सरकारबाट लागि विदेशमा गएकोमा त्यस्तो तालीम, अध्ययन वा कार्य समाप्त भएपछि स्वदेश फिर्ता नभई गैर हाजिर रहेमा" भन्ने व्यवस्था रहेको देखिएको र उल्लिखित व्यवस्थाको अर्थ अनुपस्थित वा स्वीकृति विना गैरहाजिर भई सेवाबाट हटाइएकोमा पुनः बहाल गरिएको कर्मचारीले अनुपस्थित रहेको अवधिको कुनै सेवा सुविधा प्राप्त गर्न नसक्ने भन्ने देखिन आउँछ। साथै, उक्त व्यवस्थाबाट सेवा सुविधा प्राप्त नहुने अवधि जेष्ठता वा सेवा अवधिमासमेत गणना नहुने भन्ने देखिन आयो। तर यी रिट निवेदक मिति २०६२।०५।२९ देखि मिति २०६९।१२।२८ सम्म सेवामा वाहाल नै रहेको तथ्यमा विवाद देखिंदैन। नियमको उल्लिखित व्यवस्थाहरुले अवकाश अवधिको सेवा सुविधा नपाउने र जेष्ठता समेत कायम नहुने व्यवस्था गरेतापनि अवकाश पूर्व सेवामा नै रहेको अवधिलाई समेत एकै डालोमा राखी पुनर्वाहाली पूर्वको पुरै सेवा अवधिलाई जेष्ठतामा गणना नगरी सेवामा पुनर्वाहाली रहेको मितिदेखि मात्र सेवा गणना हुने भन्नु न्यायोचित र तर्कसङ्गत देखिएन। नियमावलीको उल्लिखित व्यवस्थाको उद्देश्य सेवामा अनुपस्थित अवधिको जेष्ठता कायम नगर्ने भन्ने सम्म देखिन आयो। जेष्ठता कायम सम्बन्धी नियमावालीको उक्त व्यवस्थाले साविकमा नियमित रुपमा सेवामा रही काम कारवाही गरेको अवधिलाई समेत गणना गर्न नमिल्ने गरी बाहेक गरेको नदेखिंदा निवेदक सेवामा नरहेको अवधि सम्मलाई बाहेक गरी निज निरन्तर सेवामा रहेको अवकाश पूर्वको अवधिको जेष्ठतासमेत कायम गर्नुपर्ने देखिन आयो।

१६. तसर्थ, माथि उल्लिखित आधार, कारण एवम् कानूनी व्यवस्थासमेत बाट रिट निवेदक आशा गुरुङ्ग मिति २०६२।०५।२९ मा नियुक्ति भई मिति २०६९।१२।२९ सम्म सशस्त्र प्रहरी बलमा निरन्तर सेवारत रहेकोमा सो तथ्यलाई अनदेखा गरी निज सेवामा पुनर्वाहाली भएको मिति २०७३।११।३० देखि मात्र जेष्ठता कायम हुने गरी सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोकबाट मिति २०७६।०१।१३ मा भएको निर्णय पत्राचार लगायत सोसँग सम्बन्धित काम कारवाही कानून विपरित देखिंदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब

निवेदक आशा गुरुङ्गले शुरु नियुक्ति पाएको मिति २०६२।०५।२९ देखि निज निरन्तर सेवामा हाजीर रहेको अवधि अर्थात मिति २०६९।१२।२८ सम्म समानुपातिक हिसाबले निजको जेष्ठतामा गणना गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ।

१७. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिनु। सरोकारवालाले फैसलाको प्रतिलिपि माग्न आएमा लाग्ने दस्तुर लिई रीतपूर्वकको प्रतिलिपि दिनू। प्रस्तुत आदेश यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाईदिनू । –

(डा. नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्ने-</u>

इजलास अधिकृत : सदिक्षा नेपाल

क.अ. : जगदिश दर्जी

सम्वत् २०८१ साल पुस ०४ गते रोज ५ शुभम्------------------------------।